# अजिरकोट गाउँपालिका
# गाउँ कार्यपालिका
# गोरखा

बैठक नं. १४१

मितिः २०८२।०९।२४ गते बिहिबार

आज मिति २०८२ साल पौष २४ गते बिहिबारको दिन अजिरकोट गाउँपालिका, गोरखाका अध्यक्ष श्री दीपक देवकोटाज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारी ज्यूहरुको समउपस्थितिमा गाउँ कार्यपालिकाको १४१ औं बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

१. गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा
२. गाउँपालिका उपाध्यक्ष श्री अनिता भुजेल
३. १ नं. वडा अध्यक्ष श्री मनोज गुरुङ
४. २ नं. वडा अध्यक्ष श्री कृष्ण बहादुर गुरुङ
५. ३ नं. वडा अध्यक्ष श्री बाबुराम अधिकारी
६. ४ नं. वडा अध्यक्ष श्री जङ्ग बहादुरगुरुङ
७. ५ नं. वडा अध्यक्ष श्री बिर्ख ध्वज गुरुङ्ग —
८. कार्यपालिका सदस्य श्री सदिक्षा गुरुङ —
९. कार्यपालिका सदस्य श्री विन्दा तामाङ
१०. कार्यपालिका सदस्य श्री उमा गुरुङ उमा
११. कार्यपालिका सदस्य श्री कमला सुनार —
१२. कार्यपालिका सदस्य श्री सनिल परियार
१३. कार्यपालिका सदस्य श्री धनराज घले
१४. आमन्त्रित सदस्यः श्री बेल बहादुर परियार
१५. प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानुराम पन्थी

**व्यवस्थापन सहयोगी**

श्री लाल प्रसाद पौडेल (प्रशासकीय अधिकृत)
श्री जगजित कापर (प्रशासन सहायक)
श्री ईश्वर वाग्ले (बरिष्ठ लेखा सहायक)

अजिरकोट गाउँपालिका

मिति २०८२।०९।२४ गते बिहिबार

## गाउँ कार्यपालिकाको १४१ औं बैठकका प्रस्तावहरु

**प्रस्ताव नं. १ - कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गर्ने ।**

**१. पृष्ठभूमी**

अजिरकोट गाउँ कार्यपालिकाको २०८२ मंसिर १५ गते १४० औं बैठकमार्फत विभिन्न निर्णयहरु भई कार्यान्वयनको अवस्थामा रहेका ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गााउँकार्यपालिकाका बैठकका निर्णयहरु समिक्षा गर्दै सार्थक तथा गुणस्तरिय कार्यान्वयन तथा सो को पृष्ठपोषणकको लागि समिक्षा गर्नुपर्ने भएको ।

**३. निंणर्यका आधार र कानूनी व्यवस्था**

स्थानिय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय तहले आफ्ना निर्णयहरु तथा विकास निर्माण कार्यको कार्यान्वयनको समिक्षा गर्नुपर्ने प्रावधान रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउँ कार्यपालिकाको १४० औं बैठकमार्फत भएका तपसिलका निर्णयहरु कार्यान्वयनको अवस्थाको समिक्षा गरियो ।

| क्र.म | निर्णय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि प्रस्ताब पेश गर्ने। | गरिएको । | |
| २ | अ.स.ई.पदमा सेवा करारमा कर्मचारी भर्ना गर्ने । | प्रक्रियामा रहेको | |
| ३ | प्राबिधिक समिती गठन गर्ने । | गठन भई कार्यान्वयनमा रहेको । | |

**प्रस्ताव नं. २ - अजिरकोट गाउँपालिकाको १८ औं हिउँदे अधिवेशनको मिति तय गर्ने ।**

**१. पृष्ठभूमी**

संघीयताको कार्यान्वन संगै संघ प्रदेश र स्थानीय गरी तीन तहकै सरकारहरुले कानून निर्माण गर्ने तथा कार्यान्वयन गर्ने अधिकार प्राप्त गरेको अवस्था रहेको ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गाउँपालिका, गोरखाको १८ औं गाउँसभाको पहिलो बैठकको मिति तय गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले एकल तथा साझा अधिकारका सूचीमा रहेका विषय सूचीमा कानून निर्माण, कार्यान्वयन तथा विभिन्न नीति तथा कार्यक्रमहरु निर्माण तथा कार्यान्वयन गर्न वार्षिक २ पटक गाउँसभा गर्नुपर्ने ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउँपालिका, गोरखाको १८ औं गाउँसभा (हिउँदे अभिवेशन) को पहिलो बैठक मिति २०८२ पौष ३० गतेलाई तय गर्ने ।

**प्रस्ताव नं ३ अजिरकोट गाउँकार्यपालिका कार्यालय र गाँउकार्यपालिका मातहत कार्यरत करार कर्मचारीहरुको करार सम्झौता नविकरण गर्ने सम्बन्धमा ।**

**१. पृष्ठभूमी**

अजिरकोट गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा स्थायी र अस्थायी स्वीकृत दरवन्दी तथा श्रेणविहिन पदमा कर्मचारीहरु सेवा करारमा भर्ना गरी कार्यरत रहेका ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गाउँकार्यपालिका अन्तर्गतका कार्यालयहरुमा स्थायी र अस्थाई स्वीकृत दरवन्दी तथा श्रेणविहिन पदमा कार्यरत कर्मचारीहरुको करार सस्झौता २०८२ मंसिर मसान्तमा समाप्त हुने भएकोले करार सम्झौताको नविकरण गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐन, २०७४ र सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० अनुसार करार सेवामा कर्मचारी भर्ना तथा व्यवस्थापन गर्न सक्ने ।

**४. निणर्य हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउँकार्यपालिका र मातहतका कार्यालयहरुमा सेवा करारमा कार्यरत सबै कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक पाइएकाले मिति २०८२ पौष १ गते देखि २०८३ आषाढ मसान्त सम्म नियमानुसार करार सम्झौताको नविकरण गर्ने ।

**प्रस्ताव नं. ४ कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।**

**१. पृष्ठभूमी**

यस गाउँपालिका क्षेत्रभित्र आर्थिक सहायतालाई व्यवस्थित गर्न तथा सहकारी संस्थाहरुको अनुगमन, मुल्यामकन तथा नियमनलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्नु पर्ने अबस्था रहेको ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

स्थानीय तहले निर्माण गर्ने कुनै पनि नियमावली, कार्यविधि तथा निर्देशिका लाई स्वीकृतीको लागि गाउँ कार्यपालिकामा पेश गर्नु पर्ने प्रावधान रहेको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफुलाई आवश्यक पर्ने कानून आफै निर्माण गर्न सक्ने प्रावधान भएको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

यस अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक द्वारा तपशिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने ।

क) आर्थिक सहायता कार्यविधि - २०८२

ख) सहकारी संस्था अनुगमन, मुल्यांकन तथा नियमन सम्बन्धी कार्यविधि - २०८२

**प्रस्ताव नं. ५ - स्वीकृत दरवन्दी अन्तर्गत पदमा सेवा करारमा कर्मचारी भर्ना गर्ने ।**

**१. पृष्ठभूमी**

अजिरकोट गााउँपालिकामा स्थायी स्वीकृत दरवन्दी अन्तर्गत पदमा ४ जना जनशक्ति रिक्त रहेको।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गााउँपालिका र मातहतका कार्यालयमा पदमा रिक्त रहेका स्वीकृत दरबन्दि मार्फत जनशक्ति व्यवस्थापन गरेर सेवाप्रवाह गुणस्तर अभिवृद्धि गर्न करार सेवामा पदपुर्तिको लागि विज्ञापन गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

स्थानिय सरकार संचालन ऐन, २०७४ र अजिरकोट गाउँपालिकाको सेवा करारमा कार्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० अनुसार गाउँपालिकाले करार सेवामा विभिन्न पदहरुमा कर्मचारी भर्ना गर्न सक्ने ।

**४. निणर्य हुनुपर्ने व्यहोरा**

अजिरकोट गााउँपालिकामा स्थायी दरबन्दि अन्तर्गत तपसिलको पदमा जनशक्ति व्यवस्थापन मार्फत सेवाप्रवाहमा गुणस्तर अभिवृद्धि गर्न करार सेवामा पदपुर्तिको लागि विज्ञापन गरी सेवा करारमा भर्ना गर्ने ।

तपसिलः

| क्र.स. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | क.मेडिकल जनरलिष्ट | नवौं | १ | आन्तरिक स्रोत |
| २ | जनस्वास्थ्य अधिकृत | सातौ | १ | सर्शत स्रोततर्फ |
| ३ | स्टाफ नर्स | पाँचौ | १ | स्वीकृत दरवन्दी |
| ४ | अ.हे.व. | चौथो | १ | आन्तरिक स्रोत |
| ५ | अ.न.मी. | चौथो | २ | स्वीकृत दरवन्दी |
| ६ | कृषि प्राविधिक | चौथो | १ | स्वीकृत दरवन्दी |

६. विविध

- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ बमोजिम संगठन तथा व्यवथापन सर्वेक्षण गरी स्थानिय तहले संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था भए अनुरुप यस अजिरकोट गाउँपालिका र अन्तर्गतका कार्यालयहरुका विभिन्न सेवा, समूह र तहका कर्मचारीहरुको संगठन संरचना र दरबन्दिको लागि O & M प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।
- आ.व.२०८२/२०८३ मा यस अजिरकोट गाउँपालिका वडा न ४ को लागि नेपाल सरकार शसर्त अनुदान (चालु) अन्तर्गत साना सिचाई प्रवर्द्दन कार्यक्रम (रु ९,७५,०००) छनोट भएकोमा सो अन्तर्गत तपसिल बमोजिमको योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | योजना/ कार्यक्रमको नाम | ठेगाना | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कैचले बालुवा सिचाई कुलो मर्मत | वडा न ४ | ९,७५,०००। | नेपाल सरकार शसर्त अनुदान |

निर्णयः माथि उल्लेखित प्रस्तावहरु सम्बन्धमा छलफल गरी प्रस्तावित निर्णयका व्यहोराहरुलाई सर्वसम्मत रुपमा पारित गरियो ।